नेपाल सरकार
संचार तथा सूचना प्रबिधि मन्त्रालय
हुलाक सेवा विभाग
**जिल्ला हुलाक कार्यालय**
गुलरिया, बर्दिया

प.सं.:०८२/८३
च.नं. : ३३६

मितिः-२०८२/१२/१८
ने.सं.११४६ चौलाथ्व १४ बुधबार

**श्री बर्दिया जिल्ला स्थित स्थानीय तहहरु सबै ।**

**विषयः- अन्तर्राष्ट्रिय पत्र लेखन प्रतियोगिता सम्बन्धमा ।**

प्रस्तुत विषयमा हुलाक सेवा विभाग, बबरमहल, काठमाण्डौको च.नं. १२९२, मिति २०८२/१२/१० गतेको पत्र र हुलाक निर्देनालय दाङ, घोराहीको च.नं.२९२, मिति २०८२/१२/११ गतेको प्राप्त पत्रानुसार, UNESCO सहकार्यमा UPU द्वारा आयोजना गर्न लागिएको **"Write a letter to a friend about why human connection matters in a digital world"** विषयमा ५५औ अन्तर्राष्ट्रिय पत्र लेखन प्रतियोगितामा सहभागी हुन इच्छुक तोकिएको उमेर समुहका बालबालिकाहरुलाई पत्र लेखन गर्न लगाई मिति २०८२/१२/२४ गतेसम्म नजिकैको स्थानीय हुलाक कार्यालयमा पेश गर्नका लागि आवश्यक प्रचारप्रसार तथा समन्वय गरिदिनु हुन अनुरोध छ।

साथै हुलाक सेवा विभाग, बबरमहल, काठमाण्डौको पत्र र हुलाक निर्देनालय दाङ, घोराहीको पत्रको छायाँ प्रति यसैसाथ संलग्न छ।

१. पत्र लेखनको विषय – **"Write a letter to a friend about why human connection matters in a digital world"**
२. उमेर समुह सन् २०२६ मे ५ सम्म ९ बर्ष पुरा भई १५ बर्ष पुरा नभएको हुनुपर्ने ।
३. पत्र लेखन भाषा – अङ्ग्रेजी (अधिकतम ८०० शब्दको हुनु पर्ने ।)
४. जन्मदर्ता अनिवार्य सामेल गर्नुपर्ने।

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाई, बर्दिया – सम्पूर्ण विद्यालयहरुलाई जानकारी गराई दिनु हुन।
श्री स्थानीय हुलाक कार्यालयहरु सबै –सम्बन्धित स्थानीय तहसंग आवश्यक समन्वय गरी चैत्र २५ गते भित्र जिल्ला हुलाक कार्यालय, बर्दियामा उक्त पत्रहरु पठाई दिनु हुन् ।

.................................
**जगत बहादुर घर्ती**
**हुलाक अधिकृत**
हुलाक अधिकृत

*Gmail : dpobardiya118@gmail.com/ Ph no : ०८४-४२०११८*
*"व्यवसायीक र सिर्जनशील प्रशासन : विकाश ,समृद्धि र सुशासन "*

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# हुलाक सेवा विभाग

बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- १२९२

मिति :- वि.सं. २०८२/१२/१०

ने.स. :- ११४६ चौलाथ्व, ६ मंगलवार

विषयः पत्र लेखन प्रतियोगिता सम्बन्धमा।

गोश्वारा हुलाक कार्यालय (१), हुलाक निर्देशनालय(६),

सबै।

UNESCO को सहकार्यमा अन्तर्राष्ट्रिय हुलाक संघ UPU द्वारा आयोजना गर्न लागिएको "Write a letter to a friend about why human connection matters in a digital world" विषयक ५५ औं अन्तर्राष्ट्रिय पत्रलेखन प्रतियोगिताका लागि नेपालबाट उत्कृष्ट १ जना प्रतियोगीको पत्र सन् २०२६ मे ५ भित्र UPU मा पठाउनुपर्ने भनि यस हुलाक सेवा विभागमा मेल प्राप्त भएकोले नेपालको तर्फबाट पनि सहभागिता जनाउनका लागि तहाँ गोश्वारा हुलाक कार्यालय/हुलाक निर्देशनालयहरुले आफ्नो मातहतको जिल्ला हुलाक कार्यालयहरुमा उल्लिखित शिर्षकमा पत्रलेखन प्रतियोगिता गराई उत्कृषट तीनवटा पत्र छनौट गरी २०८३ बैशाख १० भित्र यस हुलाक सेवा विभागमा पठाउनुहुन आदेशानुसार अनुरोध छ। यसरी निर्देशनालय (गोश्वारा हुलाक कार्यालय समेत) बाट प्राप्त हुने पत्रहरु मध्येबाट उत्कृष्ट १ वटा पत्र यस विभागले छनौट गरी सोही पत्र नेपालको तर्फबाट UPU मा प्रतियोगिताको लागि पठाइने व्यहोरा जानकारी दिँदै पत्र लेखन सम्बन्धी UPU को गाइडलाइन यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

प्रतियोगितामा सहभागिताका शर्त तथा सेवा सुविधा

१. सहभागीको उमेर सन् २०२६ मे ५ सम्म ९ वर्ष पुरा भइ १५ वर्ष पुरा नभएको हुनुपर्ने
२. नेपालबाट छनौट गरी पठाइएको पत्र विश्वव्यापी पत्र लेखन प्रतियोगताको उत्कृष्ट भित्र पर्न सफल भएमा प्रतियोगी र निजको साथमा एकजना अभिभावकलाई पुरस्कार समारोहमा सहभागी हुन कार्यक्रम आयोजकको तर्फबाट हवाइ टिकट र आवासको व्यवस्था हुने
३. UPU ले छनौट गरेका उत्कृष्ट ३ प्रतियोगीले Gold, Silver and Bronze मेडल र सर्टिफिकेट पाउने
४. अन्तर्राष्ट्रिय प्रतियोगितामा सान्त्वना स्थान हासिल गर्ने र आफ्नो देशबाट उत्कृष्ट छनौट भएका सहभागीले हुलाक दिवस अक्टोबर ९ का दिन स्वदेशमा नै उचित पुरस्कार प्राप्त गर्ने
५. पत्रलेखनको भाषा अंग्रेजी मात्र ग्राह्य हुने र अधिकतम ८०० शब्दको हुने

यसरी पत्र छनौट गर्न गोश्वारा हुलाक कार्यालय/हुलाक निर्देशनालयहरु ले तपसिलको छनौट समिति गठन गरी सो समितिले UPU ले तोकेको guideline बमोजिम उत्कृष्ट पत्र छनौट गर्नुहुन समेत आदेशानुसार अनुरोध छ।

गोश्वारा हुलाक कार्यालय/हुलाक निर्देशनालयहरुमा रहने छनौट समिति

| | |
|---|---|
| १. हुलाक गोश्वारा हुलाक कार्यालय/निर्देशनालय को कार्यालय प्रमुख | संयोजक |
| २. पत्र लेखन सम्बन्धी एवं हुलाक क्षेत्रको विषयमा अनुभवि र विज्ञ | सदस्य |
| ३. कार्यालयको प्रमुखले तोकेको कर्मचारी | सदस्य |

नोटः समितिमा विषय विज्ञ राख्दा अंग्रेजी भाषामा दख्खल र पत्र लेखन सम्बन्धी विषयमा ज्ञान भएको व्यक्ति समिति आफैले आमन्त्रण गरी निर्णय गर्नसक्ने।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Shalik Ram Basyal
surajbasyal1@gmail.com

(शालिक राम बस्याल)

शाखा अधिकृत

बोधार्थः

जिल्ला हुलाक कार्यालय,

सबै

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
हुलाक निर्देशनालय दाङ
घोराही उपमहानगरपालिका

फोन नं.का.प्र.०८२-५६४१४४
फोन नं. पशासन ०८२-५६००२४
पोष्टल कोड ५१००२१५
घोराही दाङ

पत्र संख्या:- ०८२/०८३
च.नं.:- २५२

मितिः- २०८२/१२/११
ने.सं. ११४६ चौलाथ्व ७ बुधबार

बिषयः- अन्तराष्ट्रिय पत्रलेखन प्रतियोगिता सम्बन्धमा ।

श्री जिल्ला हुलाक कार्यालयहरु,
(रोल्पा, प्यूठान, रुकुम पूर्व, बाँके, बर्दिया, कपिलबस्तु, रुपन्देही, नवलपरासी पश्चिम, पाल्पा, गुल्मी, अर्घाखाँची )

उपरोक्त सम्बन्धमा श्री हुलाक सेवा विभाग, ववरमहल काठमाण्डौको प.सं.०८२/०८३ च.नं.१२९२ मिति २०८२/१२/१० को पत्र र सोको Guidline यसै पत्र साथ सम्लग्न छ, बिस्तृत व्यहोरा सोहीबाट अवगत गर्नुहुन अनुरोध छ ।

UNESCO को सहकार्यमा अन्तराष्ट्रिय हुलाक संघ (UPU) द्वारा आयोजना गर्न लागिएको **"Write a letter to a friend about why human connection matters in a digital world"** बिययक ५५ औं अन्तराष्ट्रिय पत्रलेखन प्रतियोगितामा सहभागिताको लागि यस निर्देशनालय अन्तर्गतका जिल्लाहरुबाट कार्यक्रम आयोजना गरी मूल्यांकनमा उत्कृष्ट छनौट भएका ३ लेखन सामाग्रीहरु अन्तिम छनौटका लागि मिति २०८३/०१/१० गते भित्र श्री हुलाक सेवा विभाग, बबरमहल काठमांडौमा पठाउनु पर्ने भएकोले तहाँ कार्यालयबाट उक्त प्रतियोगिता आयोजना गरी मूल्यांकनमा उत्कृष्ट १ थान पत्रलेखन सामाग्री मिति २०८२/१२/२७ गते भित्र यस निर्देशनालयमा उपलव्ध गराइदिनुहुन अनुरोध छ ।

८२/१२/११
.................
शोभाराम बस्नेत
नि.हुलाक निर्देशक